आज मिति २०८०/०५/०५ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

<u>उपस्थिति:</u>

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

<u>अन्य उपस्थिति:</u>

१. उद्गम तिमिल्सिना, लेखा अधिकृत
२. बासु पण्डित, प्रशासन शाखा प्रमुख
३. कृष्ण सापकोटा, न्यायिक सहजकर्ता

# कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: २६

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।०५।०५

बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।

बैठक समय: ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०५।०५ | ११:०० | विकास आयोजना निर्माण गर्ने क्रममा उत्खनन् भएको ढुङ्गा र ग्राभेल उपलब्ध गराउने सम्बन्धमा । | योजना शाखा | १ |
| २०८०।०५।०५ | ११:०५ | समयमा कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीको सम्बन्धमा। | योजना शाखा | २ |
| २०८०।०५।०५ | ११:१० | "५ नं वडा कार्यालय देखि त्रिवेणी झोलुङ्गे पुल सम्म पक्की ढलन" योजनाको सम्बन्धमा। | योजना शाखा | ३ |
| २०८०।०५।०५ | ११:१५ | "कोटदेखि हात्तिवाङ स्तरोन्नती" आयोजना अन्तर्गत बेनिघाट गाँउपालिका वडा १० मा सडकमा ढलानको कार्य गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८०।०५।०५ | ११:२० | तिज विशेष एक्सपोका लागि चितवन उद्योग संघलाई सहयोग उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | ५ |
| २०८०।०५।०५ | ११:२५ | गाउँपालिकाको क्षेत्राधिकार भित्र रहि कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा। | कानून शाखा | ६ |
| २०८०।०५।०५ | ११:४५ | प्रदेश सरकारलाई पुल निर्माणको लागी सिफारिस सम्बन्धमा। | योजना शाखा | ७ |
| २०८०।०५।०५ | ११:५० | सम्पत्ति विवरण पेश गर्ने म्याद थप गने सम्बधमा। | आर्थिक प्रशासन शाखा | ८ |
| २०८०।०५।०५ | ११:५५ | न्यायिक सहजकर्ताको सम्बन्धमा। | प्रशासन शाखा | ९ |
| २०८०।०५।०५ | १२:०० | सूचना प्रविधि अधिकृतको सम्बन्धमा। | प्रशासन शाखा | १० |
| २०८०।०५।०५ | १२:०५ | रिक्त पदमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा। | प्राशासन शाखा | ११ |
| २०८०।०५।०५ | १२:१० | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा। | विविध/छलफल | १२ |

पूर्व बैठकको समीक्षा

मिति २०८०।०४।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

कार्यपालिका बैठकको निर्णयहरु:

१. इच्छाकामना गाउँपालिकाको वडा नं. ६ मा निर्माणाधिन पुल आसपास क्षेत्रमा कटिङबाट निस्कने बेस र ढुङ्गा निकासी गर्न ANK Construction Co. Pvt. Ltd. लाई तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही अनुमति प्रदान गर्ने।
   - माग गरिएको परिमाण बराबरको राजश्व अग्रिम रुपमा दाखिला गर्न लगाउने।
   - घाटगद्दी गरी निर्माण सामग्री निकासी गर्ने।
   - प्राविधिकको प्रत्यक्ष निगरानीमा दाखिला भएको राजश्व बमोजिमको परिमाण नापजाँच गरी मुग्लिन नारायणगढ सडक खण्डमा सञ्चालित पुल निर्माण आयोजनाको लागि मात्र निकासी गर्ने।
२. योजना शाखाबाट पेश भएबमोजिम ठेक्का नं. NCB/IRM/05/077/078, Hattibang Chauki Sadak Excavation Works कार्य समयमा सम्पन्न नभएको सम्बन्धमा गाउँपालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी प्राविधिक प्रतिवेदन समेतका आधारमा (दुवै पक्षको सहमतिमा) ठेक्का सम्झौता रद्द गर्ने ।
३. आ.व. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको वडा नं. ५ मा पर्ने "५नं. वडा कार्यालय देखि त्रिवेणी झलुङ्गे पुल सम्म पक्की ढलान" शिर्षकको योजनाको नाम आगामी गाउँसभाबाट अनुमोदन हुने गरी संशोधन गरी हाललाई "५नं. वडा कार्यालय देखि त्रिवेणी झलुङ्गे पुल सम्म पक्की ढलान र सेफ्टी ट्याङ्की निर्माण" कायम गरी कार्यान्वयन गर्ने।
४. आ.व. २०८०/०८१ को "कोट देखि हात्तीबाङ सडक स्तरोन्नती" योजना अन्तर्गत २२७ मिटर ढलानको काम बेनीघाट रोराङ गाउँपालिका, धादिङ्गको वडा नं. १० भित्र पर्ने हुनाले उक्त परिमाणको कार्य बेनीघाट रोराङ गाउँपालिकासंग अनुमति माग गरी ठेक्का प्रकृया अगाडि बढाउने।
५. [illegible] उद्योग संघले मिति २०८० साल भाद्र २२ देखि २४ गते सम्म महिलाहरुको महान् पर्व तीजलाई लक्षित गरी आयोजना गर्न लागेको तीज विशेष उद्यमशिल एक्स्पो-२०८० का लागि प्रबर्द्धनात्मक सहगोग स्वरुप २ वटा स्टल बापतको रकम रु. ४०,०००।-(अक्षेरेपि चालिस हजार मात्र) उपलब्ध गराउने।
६. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री पञ्च बहादुर प्रजाले पेश गर्नु भएको तपसिलमा उल्लेख भए बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने।
   (क) इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,(पहिलो संशोधन), २०८०
   (ख) कृषक समूह गठन तथा परिचालन कार्यविधि, २०२८०
   (ग) इच्छाकामना गाउँ कार्यपालिकाको घर नक्सा अभिलेखिकरण कार्यविधि, (पहिलो संशोधन), २०८०
   (घ) इच्छाकामना गाउँकार्यपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति, नविकरण तथा स्तरोन्नती सम्बन्धि कार्यविधि, २०८०

(ङ) सहकारी संस्था एकीकरण सम्बन्धी कार्यबिधि, २०८०

(च) इच्छाकामना गाउँपालिकाको नगर प्रहरी छनौट सम्बन्धी कार्यविधि,२०८०

७. वडा नं. ५ शंखदेवी टोल स्थित गुम्बा डाँडाबाट थाकलडाँडा सम्म झोलुङ्गे पुल निर्माण गर्न गाउँपालिकाको सिफारिस सहित प्रदेश सरकारसंग उक्त झोलुङ्गे पुल निर्माणका लागि अनुरोध गर्ने।

८. मिति २०८०।०४।०२ गते प्रकाशित सम्पत्ति विवरण पेश गर्ने बारे सम्पत्ती धनीहरुलाई जारी गरिएको सूचनाको म्याद मिति २०८०।०५।०५ गते सकिएको र अझै सबै विवरण प्राप्त भई नसकेकोले उक्त सूचनाको म्याद १० दिन थप गरी २०८०।०५।१५ गते सम्मको लागि कायम गर्ने।

९. यस कार्यालयमा प्रदेश सरकारबाट खटाइएका न्यायिक सहजकर्ता श्री कृष्ण सापकोटाको प्रदेश सरकारबाट म्याद थप नभएको अवस्थामा न्यायिक समितिको कार्यसम्पादनमा प्रभाव पर्ने देखिएकोले प्रदेश सरकारबाट अर्को व्यवस्था नभएसम्मका लागि बढिमा ३ (तीन) महिना यस गाउँपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्ने गरी निजलाई सेवा करारमा काममा लगाउने ।

१०. यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत आशिष भण्डारीले राजिनामा दिइ रिक्त रहेको सूचना प्रविधि अधिकृतको पदमा वैकल्पिक सूचिमा रहेका श्रीराम त्रिपाठीसँग करार सम्झौता गर्ने ।

११. देहाय बमोजिमका पदहरुमा सेवा करारमा जनशक्ति व्यवस्थापनका लागि सूचना प्रकाशन गर्ने ।

देहाय:

| सि.नं. | पद | संख्या |
|---|---|---|
| १ | एम.आई.एस अपरेटर (सहायक पाँचौं) | १ (एक) |
| २ | ना.प.स्वा.प्रा. (सहायक चौथो) | १ (एक) |
| ३ | नगर प्रहरी (हवल्दार) | १ (एक) |
| ४ | नगर प्रहरी (जवान) | २ (दुई) |